# शुद्धोदन गाउँपालिका
# आ.ब. २०८२/०८३ को
# तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा
# प्रस्तुत संक्षिप्त प्रतिवेदन

मिति २०८३।०३।३२

शुद्धोदन गाउँपालिका
आ.ब. २०८२/०८३

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम शुद्धोदन गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ। सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौतिक पूर्वाधारको विकास गरी जनताको दीगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा टेवा पुग्दछ। शुद्धोदन गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०८२/०८३ का लागि हिउँदे गाउँसभाबाट समेत पारित भएका बार्षिक कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा शुद्धोदनका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबद्धता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ।

शुद्धोदनका हामी सवै जनप्रतिनिधिहरु तथा कर्मचारीहरु ईमान्दारीपूर्वक लगनशिल भई जनताको सेवामा खटिरहेका छौ । शुद्धोदनको विकास र समृद्धीको लागि सवै मिलेर विकास गरौ भन्ने जनमतलाई कदर गर्दै सहमतिका साथ सहकार्य गर्दै अगाडि बढ्दै छौ काम गर्दा गल्ती, कमि कमजोरी हुन सक्छ, सिकाइले निखारपन ल्याउँछ पक्कै हो। यो अवधिमा जनप्रतिनिधिहरु र कर्मचारीहरु वीच निकै सुमधुर, सम्वन्ध राख्दै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न, सुशासनका आयाम थप्न सहज र सरल वनाउदै लगिने छ ।

सुशासन ऐन २०६४ को दफा ३० र शुद्धोदन गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८२ को आधारमा यो कार्यक्रम तय गरिएको छ। यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धिमुलक एवम अर्थपुर्ण बनाउन आचारसंहिता पालना गर्दै सहभागी ज्यूहरुबाट रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

**शुद्धोदन गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक सम्मको आम्दानी खर्चको विवरण यस प्रकार छ ।**

१. शुद्धोदन गाउँपालिकाले यस आर्थिक वर्षमा संघीय सरकार तर्फ समानिकरण अनुदान रु. ११ करोड ६८ लाख प्राप्त गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. १० करोड ६८ लाख १३ हजार मात्र आम्दानी गर्न सफल भएको छ । यसैगरी गाउँपालिकाले यस आर्थिक वर्षमा संघीय शसर्त अनुदान चालु तर्फ रु. १९ करोड २१ लाख आम्दानी गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. १८ करोड ८५ लाख ४० हजारमा मात्र आम्दानी भएको छ । संघीय शसर्त अनुदान पुँजिगत तर्फ रु. ६ करोड २८ लाख आम्दानी गर्ने लक्ष्य लिएकोमा हालसम्म जम्मा रु. ६ करोड २८ लाख आम्दानी भएको छ । विशेष अनुदान चालु तर्फ रु. १ करोड आम्दानी गर्ने लक्ष्य लिएकोमा रु. २१ लाख ५३ हजार मात्र आम्दानी भएको छ । विशेष अनुदान पुँजिगत तर्फ रु. ७६ लाख आम्दानी गर्ने लक्ष्य रहेकोमा हालसम्म जम्मा रु. ६ लाख १० हजार मात्र आम्दानी भएको छ । यसैगरी समपुरक अनुदान पुँजिगत तर्फ रु. ४० लाख आम्दानी गर्ने लक्ष्य लिइएकोमा जम्मा रु. ६ लाख ५० हजार मात्र आम्दानी भएको छ । यसरी गाउँपालिकाले माथिका विभिन्न अनुदान शिर्षकमा गरी जम्मा रु. ३९ करोड ३३ लाख चालु आर्थिक वर्षमा आम्दानी गर्ने भनिएकोमा आर्थिक वर्षको अन्तिम सम्म जम्मा रु. ३६ करोड १५ लाख ६७ हजारमा मात्र आम्दानी गरी संघीय सरकारबाट प्राप्त गर्ने अनुदान तर्फ हालसम्म जम्मा ९१.९३ प्रतिशत मात्र आम्दानी भएको अवस्था छ ।

२. शुद्धोदन गाउँपालिकाले यस आर्थिक वर्षमा प्रदेश सरकार तर्फ समानिकरण अनुदान रु. ८० लाख ९० हजार प्राप्त गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. ८० लाख ९० हजार आम्दानी गर्न सफल भएको छ । यसैगरी गाउँपालिकाले यस आर्थिक वर्षमा  शसर्त अनुदान पुँजिगत तर्फ ८० लाख आम्दानी गर्ने लक्ष्य लिएकोमा हालसम्म जम्मा ३६ लाख ९८ हजार आम्दानी भएको छ । यस्तै समपुरक अनुदान पुँजिगत तर्फ रु. ७५ लाख आम्दानी गर्ने भनिएकोमा हालसम्म जम्मा रु. २९ लाख ७७ हजार मात्र आम्दानी भएको छ । यसरी गाउँपालिकाले माथिका विभिन्न अनुदान शिर्षकमा गरी जम्मा रु. २ करोड ३५ लाख ९० हजार चालु आर्थिक वर्षमा आम्दानी गर्ने भनिएकोमा आर्थिक वर्षको हालसम्म जम्मा रु. १ करोड ४७ लाख ६५ हजार मात्र आम्दानी गरी प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान तर्फ हालसम्म जम्मा ६२.५९ प्रतिशत मात्र आम्दानी भएको अवस्था छ ।

३. शुद्धोदन गाउँपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड तर्फ चालु आर्थिक वर्षमा घरजग्गा रजिष्ट्रेशन तर्फ रु. १ करोड आम्दानी गर्ने भनिएकोमा चालु आर्थिक हालसम्म जम्मा रु. १ करोड ९६ लाख १८ हजार, मुल्य अभिवृद्धि तर्फ रु. ७ करोड १३ लाख १३ हजार प्राप्त गर्ने अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ६ करोड ४० लाख ८ हजार, अन्तः शुल्क तर्फ रु. २ करोड ३७ लाख ७१ हजार आम्दानी गर्ने भनिएकोमा ऐ. अवधिमा जम्मा रु. २ करोड ८९ लाख ९१ हजार, सवारी साधन कर तर्फ रु. ८३ लाख ८ हजार लक्ष्य रहेकोमा ८४ लाख ४३ हजार,

मनोरञ्जन कर तर्फ रु. १ लाख, विज्ञापन कर तर्फ रु. १ लाख र दहत्तर बहत्तर बिक्रिबाट रु. २ करोड ४८ लाख गरी राजस्व बाँडफाँड तर्फ जम्मा रु. १३ करोड ८३ लाख ९२ हजार आम्दानी गर्ने लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको हालसम्म जम्मा रु. २२ करोड ६४ लाख ९ हजार यथार्थ आम्दानी भएको छ जुन लक्ष्यको तुलनामा जम्मा १६३ प्रतिशत हुन आउँछ ।

४. गाउँपालिकाले आन्तरिक स्रोत तर्फ विभिन्न शिर्षकमा गरी जम्मा रु. २ करोड ६८ लाख ८४ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रकम रु. २० करोड ४९ लाख ७४ हजार समेत जम्मा रु. २३ करोड १८ लाख ५८ हजार आम्दानी गर्ने लक्ष्य राखेकोमा हालसम्म नगद मौज्दात रु. २० करोड ६७ लाख ८ हजार र अन्य विभिन्न शिर्षकमा गरी आन्तरिक आम्दानी रु. २ करोड ३१ लाख ६३ हजार गरी जम्मा रु. २२ करोड ९८ लाख ७१ हजार हालसम्म आम्दानी भएको छ जुन लक्ष्यको तुलनामा ९९.१४ प्रतिशत हुने देखिन्छ ।

५. यसरी माथि प्रस्तुत गरिएकोका आम्दानीका स्रोतहरु मध्ये गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. ७८ करोड ७६ लाख ४० हजार आम्दानी गर्ने लक्ष्य राखेकोमा हालसम्म जम्मा रु. ८३ करोड २६ लाख १३ मात्र आम्दानी गरी लक्ष्यको तुलनामा १०५.७ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

६. माथि प्रस्तुत गरिएका आम्दानीका स्रोतबाट गाउँपालिका चालु आर्थिक वर्षमा ४२ करोड ६९ लाख १७ हजार संशोधन सहित चालु खर्च तर्फ विनियोजन गरेकोमा हालसम्म चालु खर्च जम्मा ३४ करोड ७३ लाख ४४ हजार जम्मा ८०.७९ प्रतिशत खर्च गर्न सफल भएको छ भने पूँजिगत खर्च तर्फ रु. ३५ करोड ७७ लाख २३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १६ करोड ८९ लाख ९६ हजार जम्मा ४७.२४ प्रतिशत मात्र पूँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

७. शुद्धोदन गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा ७८ करोड ४६ लाख ४० हजार रकम संशोधन सहित विनियोजन गरेकोमा चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्म जम्मा रु. ५१ करोड ६३ लाख ४१ हजारमा मात्र खर्च गरी लक्ष्यको तुलनामा समग्रमा जम्मा ६५.५५ प्रतिशतमा खर्च गर्न सफल भएको छ ।

**शुद्धोदन गाउँपालिकाका विभिन्न शाखाले यस आर्थिक वर्षको दोस्रो चौमासिक सम्म तपशिल अनुसारका मुख्य मुख्य काम गर्न सफल भएका छन् ।**

**सहकारी, स्थानीय विकास कोष तथा बजार अनुगमन तर्फः**

- पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- दरवाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी ब्यवसाय गरेका मिठाई पसल जिल्ला खाद्य तथा गुण नियन्तरण कार्यालयका प्राविधिक सहित बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- बजार अनुगमन गर्ने क्रममा १० के. जि. बराबरको आखाद्य बस्तु मिठाई नष्ट गर्ने कार्य सम्पन्न ।

- पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियमकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न।
- सहकारी तथा गरिवी सम्बन्धि ब्यवस्थापन सूचना प्रणाली कार्यक्रम COPOMIS तालिम सहकारीका ब्यवस्थापक र सहायक कर्मचारी गरी ४० जनालाई तालिम दिई सम्पन्न।
- ३५जना सहभागितामा सहकारी सञ्जाल संचालक तथा पालिका जनप्रतिनिधिलाई सहकारी वित्तिय साक्षरता तालिम कार्य सम्पन्न।
- ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारीका अध्यक्ष, उपाध्यक्ष र ब्यवस्थापकहरूलाई सहकारीको मुल नारामा आधारित सहकारी संस्थाका ६५ जनालाई उद्यमशिलता र पारदर्शिता सम्बन्धि १ दिने अभिमुखिकरण तालिम कार्यक्रम सम्पन्न।
- वडा नम्वर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरूलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिरण तालिम कार्य सम्पन्न।
- समुहका लक्षित महिला र पुरूष लाई बाख्रा पैंचो वितरण कार्यक्रम वडा नं. २, ३, र ४ मा गठन तथा स्थापित भएका सामुदायिक बिकास कोष समिति मार्फत कार्य सम्पन्न।
- गाउँपालिका स्थानीय बिकास कोषको लेखा परिक्षण सम्पन्न।
- वडा स्तरीय सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।
- सामुदायिक समुहका अध्यक्ष मेनेजर भेला कार्यक्रम सम्पन्न।
- वडा नं. २ मा ५० जनालाई २ दिने पशुपालन, गोठ ब्यवस्थापन तथा फिल्ड अध्ययन कार्यक्रम सम्पन्न।
- मागमा आधारित ५० प्रतिशत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न।
- ७ दिने अचार बनाउने तालिम ३५ जनालाई दिई कार्यक्रम सम्पन्न।

**आन्तरिक लेखा परिक्षण तर्फः**

- आ व २०८१/०८२ को यस गाउँपालिकाको आय र व्ययको आन्तरिक लेखा परिक्षण सम्पन्न गरि वार्षिक प्रतिवेदन तयार पारि प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखा तथा वडा कार्यालयहरु र गाउँपालिका अध्यक्ष र म.ले.प. डोर समक्ष पेश गरिएको ।
- गाउँपालिकाको हालसम्मको अध्यावधिक बेरुजु

| **बेरुजुको प्रकार** | **रकम** |
|---|---|
| अनियमित बेरुजु | १०,२०,१६,१६७ |
| पेश्की बेरुजु | १,९६,७५,६३५ |
| प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु | २,६५,७५,५८२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने बेरुजु | ४४,००,२१६ |
| जम्मा बेरुजु | १९,२३,६७,६०१ |
| सम्परीक्षणबाट हटाइएको बेरुजु | ८,५५,३४,२९४ |
| अब बाकी बेरुजु | १०,६८,३३,३०७ |

**स्वास्थ्य शाखा तर्फः**

- विद्यालयहरुमा अध्ययरत ३०४७ जना किशोरीहरुलाई आइरन चक्की खुवाएको ।
- नियमानुसार औषधी खरिद गरी स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको
- ६ महिनादेखि ५ वर्षसम्मका बालवालिकाहरूलाइ जुकाको औषधी ४८७० जना र भिटामिन ए ५४३५ जनालाइ खुवाइएको
- खोपको माइक्रो प्लानिङ्क कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालय रूपन्देहीको सहयोगमा स्वास्थ्य स्थाहरूलाइ सहभागि गराइ कार्यक्रम संचालन गरिएको ।
- क्षयरोग मुक्त पालिका अन्तर्गत ६३ जना क्षयरोगका विरामीहरु पहिचान गरी उपचार शुरुवात गरिएको ।
- कुष्ठरोग खोजपड्ताल कार्यक्रम अन्तर्गत नयाँ ११ जन कुष्ठ रोगी पत्ता लगाइ उपचार शुरुवात गरिएको छ ।
- L-PEP कुष्ठरोग नियन्त्रणको लागि औषधी खुवाउने कार्यक्रम इन्द्रेणी ग्रमिण विकास केन्द्र तथा गाउपालिकाको सहयोगमा संचालित
- किशोरिहरूको रक्तअल्पता परिक्षण कार्यक्रम ३२५ जना शंकर मा.वि, ड्रिम भिजन तथा लिटिल फ्लावर स्कुलमा सम्पन्न भएको ।
- स्वयं सेविकाहरूले गरेको कामको वारेमा समिक्षा गरी आगामी वर्षको लागि सुधारको अपेक्षा गरिएको ।
- ग्रामिण अल्ट्रसाउण्ड कार्यक्रम संचालन २१५ जनालाइ स्वास्थ्य संस्थाहरूमा महिनाको १ पटक तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा सेवा दिइएको ।
- विश्व एडस् दिवस संचालन २३६ जना कार्यक्रममा सहभागी स्वास्थ्य संस्थाहरू मार्फत कार्यक्रम संचालन गरि जनचेतना जगाउने काम गरिएको ।
- स्थानीय स्तर मार्फत विनियोजन भएका स्वास्थ्य कार्यक्रमहरुको मार्गदर्शन बनाइ कार्यक्रम गर्न सुरू गरिएको ।
- लागु औषध विरुद्ध यज्ञोदय थारु दुधनाथ क्याम्पसमा १५० जना विद्यार्थीहरुलाई सचेतना गराउने कार्य गरेको ।

- शुद्धोदन गाउँपालिकाको वडा नं. ६ आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सबै वडाहरुमा स्वास्थ्य संस्थाहरुको व्यवस्था मिलाइएको ।
- स्वास्थ्य कार्यालय, सुनगाभा सामुदायीक विकास केन्द्र तथा इन्देणी ग्रामिण विकास केन्द्रमाफत स्वास्थ्यमा साझेदारिमा कृयाकलापहरू गरिएको ।
- सेतो गुराँस वाल विकास संस्थाको सहयोगमा वालवालिकाको कुपोषण अवस्था पत्ता लगाइ समस्यामुलक बालवालिकाहरूलाइ पोषणीलो लिटो तथा जाउलो मार्फत उपचार गरिएको ।
- पोषण लेखा जोखा कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बालबालिकाहरुको स्क्रिनिङ गर्दा ३०७ जना मध्यम खालको कुपोषित बच्चा पत्ता लगाइ उपचारको शुरुवात गरिएको । यसैगरी ३० जना कडा खालको कुपोषित बच्ता पत्ता लगाइ उपचार शुरुवात गरिएको ।
- नसर्ने रोग कार्यक्रम अन्तर्गत समुदाय स्तरमा करिव ५ हजार जनालाई ३० वर्ष भन्दा माथिका नागरिकहरुलाई निशुल्क रक्त चाप, सुगर र उचाइ अनुसारको तौल मापन गरेको ।
- महिलाहरुमा हुने पाठेघर आङ खस्ने समस्या अन्तर्गत १८० जनालाई समस्या समाधान हुने खालको सेवा उपलब्ध गराइएको ।

**आयुर्वेद शाखाः**

- आयुर्वेद औषधालय बहिरङ्ग सेवा (OPD)बाट ४४३४ जना बिरामीहरूलाई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- आयुर्वेद गाउँघर किल्निक शु. गा. पा. वडा नं.१ सिसै र वडा नं. २ भुजौलीबाट १३४५ जना नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरू गरी ५० जना लाई आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- आयुर्वेद औषधालय तथा गाउँघर किल्निकबाट ३९५ जना जेष्ठ नागरिकहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गरिनुको साथै ९१ जना सुत्केरी महिलाहरूको स्वास्थ्य परिक्षण गरी दुग्धबर्धक पोषणजन्य औषधि वितरण गरिएको छ ।
- आयुर्वेद औषधालयबाट ५४८ जना विरामीहरूलाई पूर्वकर्म स्नेहन/स्वेदन थेरापी सेवा उपलब्ध गराइएको छ ।
- मिति २०८३/०१/०२ गते प्रथम अन्तराष्ट्रिय आरोग्य दिवस कार्यक्रममा जनप्रतिनिधि , कर्मचारी तथा स्थानीय नागरीकहरू गरी ५५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो।
- शुद्धोदन गाउँपालिकाबाट सञ्चालित एकिकृत घुम्ति शिविरमा आयुर्वेद शाखा बाट ६३३ जना बिरामीहरूलाई स्वास्थ्य परिक्षण, परामर्श तथा औषधि उपचार गरिएको छ।
- शुद्धोदन गाउँपालिकाका सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयका २८ जना शिक्षकहरूको सहभागितामा विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

- बिश्वयोग दिवसको अवसरमा संचालित मिति २०८३।०३।०७ गते देखि ९ गते सम्म संचालित ध्यान तथा योग शिविर कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र स्थानीय नागरिकहरू गरी ७७ जनाको सहभागितामा शिविर कार्यक्रम सम्पन्न भयो।

**शिक्षा युवा तथा खेलकुद शाखाः**

- विषयविज्ञ सहित विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी विषयगत शिक्षक लगाएत विद्यालयको समग्र अवस्था सुधारका लागि पृष्ठपोषण प्रदान गरिएको ।
- विद्यालय/शिक्षकको साझेदारीमा एक शिक्षक १ ल्यापटप कार्यक्रम अन्तरगत ७ जना शिक्षकलाई ल्यापटप खरिदका लागि सम्झौता भइ काम अगाडि बढाइएको छ।
- सामुदायिक विद्यालयका ३० जना शिक्षकहरुलाई ICT सम्बन्धि क्षमता विकास तालिम सम्पन्न गरियो।
- पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव भव्य रुपमा सम्पन्न गरिएको ।
- अन्तर विद्यालय स्तरीय खुला भजन प्रतियोगिता तथा तहगत रुपमा चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरीएको।
- सामुदायिक विद्यालयका ५७ जना स्थायी शिक्षकहरुका लागि का.स.मू. व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो।
- शैक्षिक सत्र २०८२ को गाउँपालिका स्तरीय वार्षिक परिक्षा (कक्षा ५) र आधारभूत तह उत्तीर्ण परिक्षा (कक्षा ८) सञ्चालन गरी नतिजा प्रकाशन, प्रमाणपत्र वितरणको कार्य सम्पन्न गरिएको छ। साथै संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन व्यवस्थापन निर्देशिका, २०६९ को व्यवस्था बमोजिम संस्थागत विद्यालयको छात्रवृत्ति वितरण सम्बन्धमा छात्रवृत्ति परिक्षा २०८३ सञ्चालन गरि छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको नामावली विद्यालयमा पठाइएको छ।
- शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय वार्षिक तथा आधारभूत तह उत्तीर्ण, SEE (२०८१), SLC (२०८२) साथै क्याम्पस तहका वार्षिक परिक्षामा उत्कृष्ठ नतिजा प्राप्त १९ जना विद्यार्थी, विषयगत रुपमा उत्कृष्ठ नतिजा दिन सफल १४ जना शिक्षक, उत्कृष्ठ प्रधानाध्यापक, दिर्घ सेवामा रहनुभएका ७ जना शिक्षक, उत्कृष्ठ बालविकास सहजकर्ता तथा उत्कृष्ठ कर्मचारी गरी ४३ जना शिक्षक, विद्यार्थी तथा कर्मचारीहरुलाई सम्मान गरियो।
- सामुदायिक विद्यालयमा प्राथमिक उपचारमा सहयोग पुग्ने अपेक्षा सहित सामग्री सहितको प्राथमिक उपचार बाकस वितरण गरियो।
- सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षकहरुका लागि ७ दिने पिटी तथा खेलकुद तालिम सञ्चालन गरि सम्पन्न गरिएको ।
- सामुदायिक विद्यालयका बाल विकास सहजकर्ताहरुका लागि ४ दिने पुनर्ताजगी तालिम सञ्चालन गरि सम्पन्न गरियो।
- युवा तथा खेलकुद तर्फ वडा स्तरिय, आमन्त्रीत अन्तरपालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरी सम्पन्न गरियो ।

- शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ठ नतिजा प्राप्त गर्ने ५१ जना छात्राहरुलाई शैक्षिक सामग्री वितरण गरि छोरीहरुको शिक्षामा प्रोत्साहन गरिएको छ।
- सामुदायिक विद्यालयका बालविकास सहजकर्ता, विद्यालय सहायक, सहयोगी कर्मचारी तथा समुदायमा आधारित बालविकास केन्द्रका हेरालुहरुका लागि मासिक ७०००/- का दरले पारिश्रमिक थप गरिएको छ।
- विद्यार्थी संख्या तथा विषयगत दरबन्दी नरहेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापनका लागि अनुदान प्रदान गरिएको छ।
- प्रविधि मैत्रि विद्यालय विकासको सुरुवात गर्ने उद्धेश्यले विद्यालय साझेदारीमा नमुना विद्यालय विकास तथा सञ्चालन कार्यक्रम अन्तर्गत फर्साटिकर माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण, सि.सि.क्यामरा तथा स्मार्ट बोर्ड जडान भएको छ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत झोला बनाउने, आधारभूत व्यूटिपार्लर, सिलाइ कटाइ, कफि बनाउने जस्ता विभिन्न तालिम सञ्चालन गरि ३४७ जना लाभान्वित भएका भएका छन्।
- शिक्षा युवा तथा खेलकुद विकास शाखाको हाल सम्म ससर्त तर्फ जम्मा रकम रु.१२९२५८२४४/-(अक्षरुपी बाह्र करोड बयानब्बे लाख अन्ठाउन्न हजार दुई सय चौवालीस रुपैया मात्र) खर्च गरिएको छ। भने आन्तरीक तर्फ रु. १७५३२१८१/-(अक्षरुपी एक करोड पचहत्तर लाख बत्तीस हजार एक सय एकासी रुपैया मात्र) खर्च गरिएको छ। शिक्षा युवा तथा खेलकुद विकास शाखाको जम्मा प्रगती ८८.९३ प्रतिशत रहेको छ।

<u>कृषि शाखा तर्फ</u>

- मिनिकिट बितरण: यस कार्यक्रमका लागि वार्षिक बजेटमा ६,००,००० रुपैयाँ छुट्याइएको थियो,जस अनुसार अन्तर्गत २००० प्याकेट मुला, धनिया, सिमी, केराउ, रायो सागको बिउ र ३००० प्याकेट लहरे तरकारीको बिउ बितरण गरिएको छ ।
- च्याउको बीउ वितरण: यस कार्यक्रम अन्तर्गत ५०% अनुदानमा ढुवानी सहित २,००,००० रुपैयाँ वार्षिक बजेटमा च्याउको बीउ वितरण कार्यक्रम संचालन गरिएको थियो। जस अन्तर्गत २०,००० प्याकेट कन्या च्याउको बिउ बितरण गरिएको छ।
- DESES सफ्टवेयर मार्फत ३०,००० के.जी. गहुँको विउ वितरण गरिएको छ। वडा कार्यालयको बजेटबाट टेन्डर मार्फत ४६,६६६ के.जी. गहुँको विउ वडा कार्यालय मार्फत वितरण गरिएको छ।
- आकस्मिक वाली २५०० प्याकेट किटनासक विसादी र १५०० प्याकेट ढुसीनासक विसादी वितरण गरेको १००० / १००० प्याकेट किटनासक विषादी र भिटामिन वितरण गरेको |
- यस गाउँपालिका वार्ड न ४ फर्साटिकरमा संचालन भएको द्रोसो शुद्धोदन महोत्सबमा संचालन भएको साथै कृषि मेला प्रदशनीमा सहभागी २९ जना कृषकहरु लाइ सम्मान गरिएको |
- ३१५ वटा स्प्रे टंकी बोल पत्र मार्फत खरिद गरि वितरण भएको र बुटवल बजारमा विषादी परिक्षण गर्दा शुद्धोधन १ बेलवाका कृषकले उत्पादन गरेको तरकारीमा काम विषादी भेटिए पछी किसानलाई हौसाला दिन कृषक सम्मान कार्यक्रम गरेको |

- कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ८८ जना किसान लाई सिंचाई मोटर १७ जना किसानलाई पम्प सेट ,६ जना किसान लाई मिनितिलर वितरण भएको |
- स्यालो ट्युबेल जडान कार्यक्रम अन्तर्गत ४२ जना किसान छनोटमा परि काम सम्पन्न भएको |
- ४१ वटा मौरी सहितको घार र ६० वटा खाली घार वितरण भएको |

**पशु विकास तर्फ**

- वर्षे घाँसको विउ निःशुल्क वितरण कार्यक्रम अनुसार २७२० के जी सुडान धासको विउ वितरण गरियको |
- हिउँदे घाँसको विउ वितरण (७५% अनुदानमा) अनुसार ३२०० के जी बर्शिम घासको विउ वितरण गरियो |
- गाईभैंसीमा बाँझोपना न्यूनीकरण घुम्ती शिविर घरदैलो कार्यक्रम अनुसार ७३ वटा गाई भैसिको उपचार गरियो |
- पशुधनको विविध उपचार सेवा अनुसार ६७२० गाई भैसिको उपचार हरियो |
- दुध डेरी अनुगमन कार्यक्रम अनुसार १८ वटा डेरी र ६० वटा व्यावसायिक फर्मको अनुगमन निरीक्षण गरियो |
- रजिवि नियन्त्रण कार्यक्रम अनुसार १२००० गाई , भैसो ,भेडा , बाख्रालाई औषधि वितरण गरियो |
- माछापालनका लागि चुना वितरण कार्यक्रम अनुसार २३ जान कृषकहरुलाई वितरण गरियो |
- गाई भैंसीमा खोप कार्यक्रम अन्तर्गत करिब ३३,००० गाई , भैसी , भेडा बाख्रालाई खोप लगाइयो |
- यान्त्रिकरण कार्यक्रम आन्तार्गत काउम्याट ९१ गोटा र इ.च्यापकटर: १६ गोटा वितरण सम्पन्न भएको छ |
- कृतिम गर्भाधान सेवा अन्तर्गत ३३८१ गाई, २४१७ भैसी, ९४७ बाख्रा १७ मा कृतिम गर्भाधान गरिएको |

**उद्यम विकास शाखा**

- उद्यम विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको जसमा २३ महिला र ९ पुरुष गरी जम्मा ३२ जना सहमागि भएका ।
- सहमागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न भएको जसमा १०६ महिला र ४ जना पुरुष गरी जम्मा ११० जनाको सहभागिता भएको ।
- घर धुरी सर्वेक्षण फारम ए गर्दा १०६ जना महिला र ४ जना पुरुषको सहभागिता भएको ।
- सम्भाव्य लघु उद्यमीका रुपमा सहभागितहरुको छनौट फारम वी मा १०६ जना महिला र ४ जना पुरुषको सहभागिता भएको ।
- लघु उद्यमी समुह गठन तथा परिचालन कार्यक्रम सञ्चलनमा ९६ महिला र ४ पुरुष गरी जम्मा १०० जना सहभागि भएका ।

- उद्यमशिलता विकास तालिम(टोपे/टोसे) मा १०० महिला र ५ पुरुष गरी जम्मा १०५ जनाको सहभागिता भएको ।
- काँसमूज जन्य आयमूलक एडभान्स तथा थप सीप विकास तालिम सम्पन्न भएको जसमा १४ जना महिलाहरुको सहभागिता भएको ।
- स्टाटप उद्यम कर्जामा सहजिकरण गरिएको जसमा १ महिला र २ जना पुरुषको सहभागिता भएको ।
- २ महिने आधारभुत सिलाईकटाई तालिम कार्यक्रम सञ्चालन गर्दा जम्मा ४५ महिलाको सहभागिता भएको ।
- २ महिने आधारभुत व्युटिसियन तालिम सञ्चालन गर्दा जम्मा १४ जना महिलाको सहभागिता भएको ।
- २७ दिने रैथाने खाद्यबस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गर्दा १४ जना महिलाको सहभागिता भएको ।

**नगर प्रहरी इकाई**

- शुद्धोदन गाउँपालिका कार्यलयको शान्ति सुरक्षामा खटियो।
- दानव र तिनाउ खोलामा नियमित रुपमा गस्ति गरिएको छ।
- फर्साटिकर, भुजौली, मानपकडी र पुरैनी हाटबजारको बैठकि उठाउने काम गरियो ।
- खेत सम्याउँदा बढि भएको माटो बिक्री बितरण गर्दा रेखदेख गरियो।
- दर्वहवा मेलामा शन्ति सुरक्षाको लागी खटियो।
- शुद्धोदन पार्क सरसफाई तथा प्रवेश शुल्क उठाइयो।
- नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण गर्दा रेखदेख गरियो।
- तिनाउ र दानव नदीमा गस्ति गर्दा अवैद रुपमा मिस्कट उत्खनन् र ओसरपासर गर्ने गाडीहरुलाई नियन्त्रण लिई कारवहिको लागि पठाईयो साथै अवैद रुपमा घाटगद्दि गरेको मिस्कटलाई जफत गरियो।
- शैक्षिक महोत्सव तथा अध्यक्ष कप खेलकुद कार्यक्रम र फर्साटिकर फुटवल कप हुदा रेखदेख र सुरक्षाको लागि खटियो।
- वडा नं.१ देखी ७ सम्म एकिकृत घुम्ति शिविर हुदा शान्ति सुरक्षा साथै राष्ट्रिय परिचय पत्र वितरणमा सहयोग गरियो।

**योजना शाखा**

- उपभोक्ता समितिसँग सम्झौता भै १८७ सम्पन्न भएका छन् ।
- यस आ.व.का ठेक्काका योजनाहरुको २४ वटा सम्झौता भई कार्य भएको छ ।

**भौतिक पूर्वाधार तर्फः**

- गाउँपालिकाले चालु आर्थिक वर्षमा सडक ग्राभेल/स्तरउन्नती गर्ने काम विभिन्न वडाहरुमा गरी जम्मा ४५२५ मिटर सम्पन्न गरेको छ ।
- गाउँपालिकाको विभिन्न स्थानहरुमा कालोपत्रे सडक मर्मत गरी सडक स्तरउन्नती गर्ने कार्य जम्मा ११०० मिटर सम्पन्न भएको छ ।
- गाउँपालिकाको विभिन्न स्थानहरुमा नयाँ सडक कालोपत्रे गर्ने कार्य जम्मा ११२२ मिटर सम्पन्न भएको छ ।
- गाउँपालिकाको विभिन्न स्थानहरुमा खेलकुद तथा मनोरन्जनका २५ वटा विभिन्न संरचनाहरु निर्माण तथा मर्मत गरी स्तरउन्नती गरिएको छ ।
- शुद्धोदन गाउँपालिका भित्र बहाव क्षेत्र भइ बग्ने तिनाउ, दानव र इङ्गुरिया नदी विभिन्न स्थानहरुमा नदी नियन्त्रण गरी जग्गा संरक्षण तथा नदीको बहाव व्यवस्थापन गर्ने कार्य जम्मा १२ स्थानहरुमा सम्पन्न भएको छ ।
- विभिन्न सामुदायिक तथा सरकारी भवनहरु ७ वटा नयाँ निर्माण भएका छन् भने २३ वटा भवनहरुको मर्मत गर्ने काम सम्पन्न भएको छ, ७ वटा भवनहरुमा रङ्गरोगन गर्ने कार्य सम्पन्न भएको छ, २ वटा भवनहरुको तला थप गरिएको छ ।
- गाउँपालिका भित्र कल्भर्ट निर्माण गरी सडक आवागमन सुचारु बनाउन जम्मा ३ वटा कल्भर्ट निर्माण गर्ने काम सम्पन्न भएको छ ।
- सिचाइका संरचनाहरु निर्माण गरी सिचाइ सुविधा उपलब्ध गराउन जम्मा कुलो मर्मत ४७० मिटर सम्पन्न भएको छ भने १२६० मिटरक कुलो नयाँ निर्माण भएको छ ।
- भू-संरक्षण गर्न वाल निर्माण गर्ने काम जम्मा २८७ मिटर सम्पन्न भएको छ ।
- विद्युतका संरचनाहरु नपुगका ठाउँहरुमा विद्युतका संरचना निर्माण गर्ने काम ४ स्थानमा सम्पन्न भएको छ ।
- सडक पि.सि.सि. ढलान गर्ने कार्य जम्मा २९६७ मिटर सम्पन्न भएको छ ।
- नाली निर्माण तथा मर्मत गर्ने कार्य १९३९ मिटर सम्पन्न भएको छ ।
- वाल/पर्खाल तारबार ४३७ मिटर सम्पन्न भएको छ ।

**रोजगार सेवाकेन्द्र**

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४४ जना लाभग्राहीहरुलाई वडागत रुपमा योजना संचालन सम्बन्धमा अभिमुखिकरण तथा परिचयपत्र वितरण गरी, उनिहरु मार्फत रोजगार उपभोक्ता समिति गठन भई योजना सम्झौता गरी ६ वटा वडाहरुमा खानेपानि पाईपलाईन विस्तार, सिचाई कुलो सरसफाई, तथा विभिन्न ठाउँहरुमा सरसफाई सम्बन्धि न्यूनतम रोजगारीका कार्यक्रम संचालनमा गरीएको ।आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनको लागि जम्मा १३८ आवेदन वडागत रुपमा संकलन गरी EMIS मा ईन्ट्रि गरिएको ।
- श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप वडागत रुपमा संचालन तथा रोजगार संवाद मंञ्चको संचालन गरीएको ।वैदेशिक रोजगारी बाट फर्किएका नागरिकहरुलाई उद्यमशिलता प्रर्वद्धन

सम्बन्धीत कार्यक्रम संचालनको सुरुवात गरिएको ।शुद्धोदन गाउँपालिका, रुपन्देहीको रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धि मापदण्ड, २०८३ तयार गरी सोही बमोजिम ८५४२ घरधुरी तथ्याङ्क संकलनको कार्य गरिएको ।

- सामि कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन समितिको गठन तथा सोको बैठक, चोथो चरणको कार्यान्वयन मोडालिटी सम्बन्धमा अभिमुखिकरण कार्यक्रम, समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण, सुचना प्रवाह तथा विषयगत समिति/शाखा सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम तथा वैदेशिक रोजगारी बाट फर्किएका नागरिकहरुसंग सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- वैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत प्रदान गरिने आर्थिक सहायता अन्तर्गत वैदेशिक रोजगार सन्नतति छात्रवृत्ति को लागि सहजिकरण ७ जना, विदेश बाट शव नेपाल झिकाउन सहजिकरण १ जना, विमान स्थलबाट निशुल्क रुपमा घरसम्म शव ढुवानी सहजिकरण १ जना, मृतकको परिवारलाई आर्थिक सहायताको लागि सहजिकरण २ जना तथा उद्धार तथा खोजतलासको लागी सहजिकरण १ जना गरि FEWIMS मा ईन्ट्रि गरी गरीएको । पुनः श्रम स्वीकृति को लागी ८१ जना लाई सहजिकरण गरी स्टिकर प्रिन्ट प्रदान गरिएको ।

**बन बातावरण तथा विपद ब्यवस्थापन शाखा**

- आगलागि, अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था न्यून भएका बिपन्न नागरिकहरुलाई राहत तथा औषधि उपचारका लागि आर्थिक सहायता स्वरूप बिभिन्न समयमा समितिको बैठक बसि वडा नं. १ देखि ७ सम्मका ८१ जना नागरिकहरूलाई रू. ४१६५००/- राहत तथा आर्थिक सहायता उपलब्ध गराईएको छ ।
- चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पर्ण वडाहरुमा अति बिपन्न, अशक्त तथा जेष्ठ नागरिकहरुलाई ६४० थान न्यानो कपडा कम्बल (बलाङ्केट) वितरण गरिएको छ ।
- आगलागि तथा डढेलो बाट हुने विपद् घटनाहरुलाई न्यूनिकरण गर्नका लागि पालिका भित्रका सम्पुर्ण वडाहरुमा नागरिकहरुलाई सूचना सम्प्रेषण गर्ने कार्य गरिएको ।
- पालिका भित्रका सम्पुर्ण वडाहरुमा शितलहरबाट प्रभावित हुन नदिन तथा नागरिकहरुको स्वास्थ्य रक्षाको लागी डिभिजन बन कार्यालय भैरहवा बाट मुढा दाउरा खरीद गरी पालिका भित्रका सम्पूर्ण वडा तथा टोल विकासका चोक तथा सार्वजनिक स्थलहरूमा बितरण गरिएको।
- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति भैरहवा तथा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरण काठमाडौंले पत्रचार गरेका कार्यक्रमहरूको समन्वय तथा प्रतिवेदन पठाउने कार्य गरिएको
- बिश्व बातावरण दिवस (जुन ५) २०८३ को अवसरमा शुद्धोदन गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरू तथा बिभिन्न संघ संस्थाका प्रतिनिधि र स्थानीय नागरीकहरूको सहभागितामा शुद्धोदन

गाउँपालिका परिसर, सरकारी कर्यालयहरू तथा सार्वजनिक स्थलहरूमा बिभिन्न फलफूल तथा जडिबुटिजन्य बिरूवाहरू बृक्ष रोपन कार्यक्रम सम्पन्न गरियो ।

- दरबाहा मसानघाटको मर्मत संभार गरिनुको साथै सुखौली नदीको सराफाई गर्ने कार्य सम्पन्न गरियो ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा**

- पहिलो, दोस्रो, तेस्रो, र चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता जम्मा ३३९३ जनालाई वितरण गरिएको ।
- शुद्धोदन गाउँपालिका आ.व. २०८२/८३ मा जन्म ७७०, मृत्यु २५७, सम्बन्ध विच्छेद २१, विवाह दर्ता ३८३, बसाइ सराई सरी आएको दर्ता संख्या ८०, बसाइ सराई सरी गएको संख्या ८७ र हालसम्म जम्मा घटना दर्ता १५४१ भएको छ ।
- राष्ट्रिय परिचयपत्र छापीएर आएका १८७७७ मध्ये जम्मा १४७१३ वटा कार्डहरु वडा कार्यालयहरुमा गएर वितरण गरिएको ।
- शुद्धोदन गाउँपालिकामा कार्यान्वय भएको ई-सिफारिस प्रणालीबाट जन्मा २१९२ सिफारिसहरु विद्युतिय माध्यमबाट भएका छन् ।
- विभिन्न घटना दर्ताहरु गरि जम्मा २२३ वटा घटना दर्ता आइडी स्थानान्तरण गरिएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र एकिन गरि बायोमेट्रिक डिभाईसद्धारा नविकरण गरियो ।

**महिला बालबालिका तथा समाजकल्याण शाखा**

- आ.व. २०८२/८३ मा हालसम्म अपाङ्गता समन्वय समितिको बैठक ४ पटक बसी जम्मा ३४ वटा अपाङ्गता परिचय-पत्र वितरण गरिएको जसमा क वर्ग-५, ख वर्ग १२, ग वर्ग-११ र घ वर्ग-६ रहेका छन् ।
- स्थानीय तह शुरुवातदेखि हालसम्म जम्मा ३७३ वटा अपाङ्गता परिचय-पत्र वितरण गरिएको छ।
- यस आ.व.मा जम्मा ४९२ (२४० महिला, २५२ पुरुष) जनालाई ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गरिएको छ।
- अपाङ्गता व्यवस्थापन तथा मूलप्रवाहीकरण कार्यक्रम अपाङ्ग बालअस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँगको समन्वयमा ५९ (४५ फिजियो थेरापी, सहायक सामग्री नापजाँच २०, सल्यक्रिया १२ र एक जना विशेष प्रकारका जुत्ता वितरण) जना अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित।
- मिति २०८२/८/०९ गतेदेखि २५ गतेसम्म शुद्धोदन गाउँपालिका सम्पूर्ण वडाहरुमा लैंङिगक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा सचेतनामूलक ऱ्याली, सडक नाटक सेतो रिबन वितरण लगायतका कार्यक्रम गरी सम्पन्न गरिएको ।
- ४४ औं मगर एकता दिवस फागुन १५ को अवसरमा नेपाल मगर संघ शुद्धोदन, रुपन्देहीको समन्वयमा भाषा, कला, संस्कृति संरक्षणसम्बन्धी विविन्न कार्यक्रम गरी सम्पन्न भएको।

- सीप विकास तालिम अन्तर्गत ५७ जना एकल महिलाहरूलाई बाटेको धूप बनाउने तालिम मानव अधिकारका लागि एकल महिला सञ्जाल, रुपन्देहीको समन्वयमा तालिम सम्पन्न।
- विविध कारणले अपाङ्गता भएका व्यक्तिहरूलाई शुद्धोदन स्वास्थ्य शाखासँगको समन्वयमा चेतनामूलक प्रशिक्षणका साथै सरसफाई सामग्री वितरण।
- ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा ७ वटै वडाका सम्पूर्ण अति अशक्त "क" वर्गका परिचयपत्र वाहक व्यक्तिहरुलाई स्वास्थ्यवर्द्धक खानेकुरा वितरण गरिएको।
- ३५ जना बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई पोशाक, सिलाई मेशिन, शैक्षिक सामग्री, तथा पौष्टिक आहार र सरसफाइका सामग्री सुस्तमनः स्थिति बाल विद्या मन्दिर, बुटवलसँगको समन्वयमा वितरण गरी सम्पन्न गरिएको ।
- यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्नको लागि "बालमैत्री स्थानीय शासन घोषणा प्रकृयासम्बन्धी अभिमुखीकरण" कार्यक्रम सम्पन्न।
- मिति २०८३/०२/३० गतेका दिन १२१ जना दलितहरूको सहभागितामा दलित हक अधिकार र कर्तव्यका बारेमा अभिमुखीकरण कार्यक्रम गरिएको।
- मिति २०८३/०३/०५ गतेका दिन द्वन्द्वमा यौन हिंसाउन्मूलनका लागी अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुद्धोदन गाउँपालिकाको सभाहलमा दिवसको संयुक्त राष्ट्र संघको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको ।
- जस अन्तर्गतः ३१ जना अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सहायक सामग्री (१६ ह्वील चियर, ६ बैशाखी, ३ वाकर, २ बेबी स्टुलर, २ सेतो छडी र २ थेरापी बल) वितरण।
- यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सहभागितामा लुम्बिनी ग्रामीण विकास परिषद्सँगको समन्वयमा सम्पन्न।
- बालबालिकाको हकहित प्रवर्द्धनका लागि १४ सदस्यीय स्थानीय बालअधिकार समिति गठनसँगै अभिमुखिकरण कार्य सम्पन्न गरिएको।
- शाखासँग सम्बन्धित मासिक, चौमासिक र अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन पेश गरिएको छ।

**भवन तथा बस्ति विकाश शाखा**

- घर नक्शा दर्ता (नँया):- ४०
- घर नक्शा दर्ता पुरानोः- ९३
- जम्मा घर नक्शा दर्ताः- १३३
- घर नक्शा प्रथम चरण इजाजत प्रमाणपत्रः- ६६
- घर नक्शा दोश्रो चरण इजाजत प्रमाणपत्रः- ३२
- घर नक्शा नियमित निर्माण सम्पन्नः- १५३
- जग्गा सिमांकन तथा सर्जमिन (निवेदन, घर नक्शा सबै):- ३०१
- भवन तथा बस्ति विकाश शाखाले गरेको महत्वपूर्ण कार्यहरूः-

- शुद्धोदन गाउँपालिका वडा नं. ४ स्थित एक नँया घरको छज्जा बाटोको क्षेत्राधिकरमा पर्ने भएकोले घर नक्शा विगत ३ वर्ष देखि प्रक्रियामा रहेकोमा उक्त घरको चज्जा हटाउन लगाई घरको निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरियो।
- शुद्धोदन गाउँपालिका भित्र भूमिहीन दलित र भूमिहीन सुकुम्बासी मध्ये जम्मा ३३० जनाको लगत संकलन गरी प्रणालीमा प्रविष्ट गर्ने कार्य सम्पन्न भएको छ ।

**राजस्व शाखा**

- शुद्धोदन गाउँपालिकाको आ.व.२०८२/८३ को आय ठेक्का व्यवस्थापन गरिएको ।
- नदीजन्य पदार्थ व्यवस्थापनका लागि दानव नदी, ईङ्गुरिया नदी र तिनाउ नदीका विभिन्न घाटहरुबाट ९ वटा ठेक्का आव्हान गरी रु. २०,९५,०३,७६७/- (मू.अ.कर बाहेक) संकलन भएको।
- आन्तरिक आयतर्फ २०८३ जेठ मसान्तसम्म राजस्व रकम रु.३,२३,९४,५८५/- संकलन भएको ।